# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चकचकी, झापा

प.सं. ०७६/७७
च.नं.

१ नं. प्रदेश नेपाल

**विषय : ल्याब टेक्निसियन सेवा करारमा लिने सम्बन्धि सूचना।**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७६।०९।०२**

बाह्रदशी गाउँपालिका स्वास्थ्य शाखाको लागि तोकिएको स्थानमा रही काम गर्ने गरी ल्याब टेक्निसियन पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक र सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ।

तपसिल

१) पद र संख्या : ल्याब टेक्निसियन (करार) र संख्या : २ (दुई)

२) कार्यस्थल : स्वास्थ्य चौकी राजगढ र चकचकी ।

३) पारिश्रमिक : गाउँपालिकाको निर्णयानुसार हुनेछ।

४) समयावधि : २०७७ असाढ मसान्त सम्म

५) योग्यता :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह वा मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उतीर्ण गरी ल्याब असिष्टेन्टको २ वर्ष ६ महिनाको कोर्ष उतीर्ण भएको हुनुपर्ने।
- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।
- नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र हुनु पर्नेछ । (म्याद ननाघेको)
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ।

६) दरखास्त बुझाउने अन्तिम मिति : यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट कार्यालय समय भित्र दरखास्त फारम बुझाउनु पर्नेछ।

७) दरखास्तमा संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु :

- उम्मेद्वारको व्यक्तिगत विवरण,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
- यस अघि कामको अनुभव भए सो सम्बन्धि कागजातको प्रतिलिपी ,
- नेपाल स्वास्थ्य व्यावसायिक परिषद् काउन्सिलमा दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी/,
- पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेद्वारले स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ,
- दरखास्त फारम साथ यस कार्यालयमा रु. ५००।- तिरेको रसिद पेश गर्नु पर्नेछ।

८) परीक्षाको किसिमः लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।

९) परीक्षा मिति : पछि अर्को सूचना प्रकाशन गरिनेछ।

२०७६।०९।०१

............................
राजेन्द्र प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

**"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"**

Website: www.bahradashimun.gov.np // gmail: bahradashirm@gmail.com